ISSN No.: 2382-5138

# अपरा

अनुसन्धानमूलक पत्रिका

८/८

नेपाली विभाग
त्रिभुवन विश्वविद्यालय
पद्मकन्या बहुमुखी क्याम्पस
बागबजार, काठमाडौं

ISSN No.: 2382-5138

# अपरा

(अनुसन्धानमूलक पत्रिका)

(पूर्णाङ्क २, २०७३ मार्गशीर्ष)

नेपाली विभाग
त्रिभुवन विश्वविद्यालय
पद्मकन्या बहुमुखी क्याम्पस
बागबजार, काठमाडौं

**अपरा** **(अनुसन्धानमूलक पत्रिका)**
**प्रकाशक :**
नेपाली विभाग,
पद्मकन्या बहुमुखी क्याम्पस
बागबजार, काठमाडौं

**सर्वाधिकार** : प्रकाशकमा

**प्रकाशन मिति** : २०७३, मार्गशीर्ष

**प्रकाशित प्रति** : ५००

**आवरण कला** :
राम के.ए.सी.

**कम्प्युटर** :
अनन्तचन्द्र भट्ट

**लेआउट तथा मुद्रक** :
आरम्भ एड. प्रा. लि.
aarambhaad@gmail.com

**ISSN No.: 2382-5138**

**मूल्य** : रु. ५००/-

# अपरा

(अनुसन्धानमूलक पत्रिका)
(पूर्णाङ्क - २, २०७३ मार्गशीर्ष)

**कार्यकारी सम्पादक**
डा. शैलेन्द्रप्रकाश नेपाल

**सम्पादक मण्डल**
प्रा. डा. सावित्री मल्ल कक्षपती
सहप्रा. डा. फणीन्द्रराज निरौला
सहप्रा. मुकुन्दराज दाहाल
उपप्रा. ज्ञाननिष्ठ ज्ञवाली
उपप्रा. दिव्येश्वरी जोशी
उपप्रा. अनुपमा रेग्मी

**प्रमुख संरक्षक**
प्रा. डा. रेणुका जोशी
क्याम्पस प्रमुख

**संरक्षक**
प्रा. डा. दुर्गाप्रसाद अर्याल (अध्यक्ष, नेपाली विभाग)
प्रा. डा. कुमारप्रसाद कोइराला (संयोजक, नेपाली स्नातकोत्तर कार्यक्रम)

**प्रमुख सल्लाहकार**
प्रा. डा. दयाराम श्रेष्ठ
प्रा. डा. माधवप्रसाद पोखरेल

**सल्लाहकार**
प्रा. डा. मोहनप्रसाद तिमल्सिना
प्रा. डा. हेमचन्द्र नेपाल
प्रा. डा. नन्दीशप्रसाद अधिकारी
प्रा. डा. ज्ञानू पाण्डे
सहप्रा. अशेष मल्ल

# सम्पादकीय

विश्वविद्यालयीय शिक्षाको मेरुदण्ड भनेकै अनुसन्धान हो । त्रिभुवन विश्वविद्यालयका मूलभूत कार्यक्रमहरू अनुसन्धानमुखी छन् । नेपालकै सर्वप्रथम कन्या कलेजका रूपमा संस्थापित पद्मकन्या बहुमुखी क्याम्पस पनि त्यस दिशातर्फ क्रमशः अग्रसर बन्दै छ । यसै क्याम्पसअन्तर्गतका स्नातकोत्तर कार्यक्रम सञ्चालन भएका सबैजसो विभागहरूले अनुसन्धानात्मक गतिविधिमा विशेष चासो दिइरहेका छन् । यसै परिप्रेक्ष्यमा नेपाली विभाग पनि नियमित विषयगत पठनपाठनसँगसँगै अनुसन्धानमूलक कार्यमा तीव्रतासाथ अगि बढिरहेको छ । प्राध्यापक तथा विद्यार्थीवर्गका निम्ति विशेष परियोजनाहरू पनि सञ्चालन भइरहेका छन् । उच्च शिक्षा प्राप्तिको मूल ध्येयसाथ यस क्याम्पस र खासगरी नेपाली स्नातकोत्तर कार्यक्रममा सहभागी हुने विद्यार्थीहरूको ज्ञानको क्षितिज फराकिलो पार्दै भाषिक, साहित्यिक अनुसन्धानका क्षेत्रमा प्रवृत्त गराई उनीहरूको प्रतिभा, व्युत्पत्ति र अभ्यास विकासका लागि उपयोगी सामग्री प्रस्तुत गरी नेपाली विभागले शैक्षिक तथा प्राज्ञिक उन्नयनको उद्देश्य परिपूर्ति हेतु अपरा अनुसन्धानमूलक पत्रिका प्रकाशनको चाँजो मिलाएको हो । यसको प्रथम प्रकाशन वि.सं. २०७० मा भएको थियो र तत्काल प्राप्त भएको हौसलाबाट उत्प्रेरित भई ढिलै भए पनि यसपटक दोस्रो अङ्क प्रकाशन गर्न उत्साहित बनिएको हो ।

**अपरा**को प्रस्तुत अङ्कमा जम्मा १७ वटा लेखहरू समावेश गरिएका छन् । धेरैजसो लेखहरू पाठ्यक्रमसँग सम्बन्धित रहेका छन् । भाषा, साहित्य र लोकसाहित्यकै सेरोफेरोमा यी रचना केन्द्रित छन् । यीमध्ये दुईवटा रचना सैद्धान्तिक पक्ष (वाद र शोधविधि) सँग, दुईवटा अभिलेखीय सन्दर्भसँग र बाँकी रचनाहरू व्यावहारिक समालोचनासँग सम्बन्धित रहेका छन् । यिनमा विषयक्षेत्र भाषा (निपात र शब्दकोश), संस्कृति (सँगिनी र अभिलेख) तथा विधागत साहित्य (एकाङ्की, कथा, उपन्यास, नियात्रा, कविताकाव्य) अनुसन्धान एवम् विश्लेषणका आधार रहेका छन् । यी सबैजसो आलेखहरू सामूहिक अवलोकनपश्चात् स्वीकृत गरी समावेश गरिएका हुन् । यिनमा शोधढाँचा र वर्णविन्यास प्रयोगमा एक रूपताको यथाशक्य प्रयास गरिएको छ । लेखकका नामको वर्णानुक्रमअनुसार लेखहरू राखिएका छन् । प्रस्तुत लेखहरूमा सान्दर्भिक सैद्धान्तिक आधारशिलामा विवेच्य कृतिको विश्लेषण गर्ने प्रयत्न भएको पाइन्छ । यसबाट शिक्षक, विद्यार्थी एवम् अन्य जिज्ञासु अध्येताहरू लाभान्वित हुनसक्ने विश्वास राखिएको छ ।

अन्त्यमा, **अपरा**को यस अङ्कमा समेटिएका लेखक महोदयहरू, क्याम्पस प्रशासन, नेपाली विभागलगायत सम्पूर्ण सहयोगीहरूमा हामी हार्दिक आभार प्रकट गर्दछौं ।

सम्पादकवर्ग

२०७३/८/२९

# विषयसूची


| लेखक | शीर्षक | पृष्ठ |
|---|---|---|
| अनुपमा रेग्मी | रुसी रूपवादको सैद्धान्तिक परिचय | १ |
| कुमारप्रसाद कोइराला | पूर्वकार्यको समीक्षा लेखन | ६ |
| कुलराज निरौला | 'विजयपुर सहर' सँगिनीको सन्दर्भपरक अध्ययन | १४ |
| गुरुप्रसाद पोखरेल | 'भोको घर' एकाङ्कीको प्रमुख पक्ष | २७ |
| चूडामणि काफ्ले | भिक्षुको 'ईश्वर, खुदा, गडका कान' कथाको सारवस्तु | ३५ |
| ज्ञाननिष्ठ ज्ञवाली | 'दोषी चश्मा' कथाको समाजशास्त्रीय अध्ययन | ४० |
| दिव्येश्वरी जोशी | विश्वेश्वरप्रसाद कोइरालाको उपन्यासकारिता | ४६ |
| दुर्गाप्रसाद अर्याल | भगवद्गीता दोस्रो अध्यायमा व्यक्त विचार | ५६ |
| फणीन्द्रराज निरौला | 'माटो' नियात्रासङ्ग्रहको तत्त्वगत विश्लेषण | ६४ |
| भूपहरि पौडेल | भानुभक्ताचार्यकृत 'असली आठकाण्ड रामायण' र कविहरूको शोषणपरम्परा | ७७ |
| मुकुन्द शर्मा | माध्यमिक नेपाली साहित्यको विकास प्रक्रिया र प्राप्ति | ९२ |
| लोकनाथ दुलाल | राजा मानदेव प्रथमको चाँगुनारायण अभिलेखको साहित्यिक पक्ष | १०२ |
| विदुर चालिसे | निपातको ऐतिहासिक अध्ययन | १०९ |
| शैलेन्दुप्रकाश नेपाल | 'हारजित' कथाको ध्वनितात्त्विक विश्लेषण | ११८ |
| सविता विमली | 'प्रयोगात्मक नेपाली शब्दकोश' को अध्ययन | १२७ |
| हेमचन्द्र नेपाल | 'दुलही हिमाल कञ्चनजङ्घा' कवितामा औचित्य र उदात्तता | १४० |
| होमप्रसाद 'गृहस्थी' | 'आमाको हृदय' कथामा मनोविश्लेषण | १४४ |

# निपातको ऐतिहासिक अध्ययन

विदुर चालिसे *


## सारसङ्क्षेप

यस लेखको उद्देश्य नेपाली अभिलेखमा प्रयोग भएका निपात घटकहरूको क्रमिक विकासको बारेमा सामान्य चिनारी गराउँदै जिज्ञासुहरूमा अभिलेखीय भाषा र व्याकरणप्रति रुचि जगाउनु रहेको छ । नेपाली अभिलेखको अध्ययनका क्रममा भेटिएका निपातका विभिन्न प्रकारका स्वरूपहरूलाई वर्गीकरण गरी तिनीहरूको ऐतिहासिक क्रमिक विकासलाई निर्क्यौल गर्ने काम गर्नुका साथै निपातका रूपमा देखिएका नयाँ सूचनालाई ऐतिहासिक तथ्यसहित अति संक्षेपमा प्रस्तुत गरिएको छ ।


**शब्दकुञ्जिका :** ***अप्रत्यक्ष–कथन, अवधारणार्थक, पुच्छ्रे- प्रश्न, प्रश्नबोधक, वाक्यपश्च, वाक्य–पूर्वी, वाक्य–विशेषक, संयुक्तवाक्य संयोजन ।***

## १. विषय प्रवेश

यस लेखमा प्राचीन तथा मध्यकालीन नेपाली भाषाका अभिलेखहरूमा सीमित रहेर अध्ययन अभावको सेरोफेरोमा नेपाली भाषाका विशिष्ट निजी स्वरूपको ऐतिहासिक अवस्थाको अध्ययनका लागि जुम्ला, मुगु, डोटी, बझाङ, प्यूठान तथा काठमाडौंबाट जारी भएका विभिन्न ऐतिहासिक अभिलेखहरूलाई स्रोतसामग्रीको रूपमा समावेश गरिएको छ । वि.सं.१३७८ को आदित्य मल्लको अभिलेखदेखि वि.सं. १८३१ पृथ्वीनारायण शाहसम्मको अभिलेखमा सीमित रही यो अध्ययन गरिएको छ ।

भाषाका खासखास भावलाई व्यक्त गर्न स्वयम् प्रत्यक्ष रूपले सार्थक नभए पनि वाक्यका निकटवर्ती शब्दलाई बढी सार्थक तुल्याउने भाषिक एकाइलाई निपात भनिएको छ (पोखरेल, २०५५ : ६८९) । ऐतिहासिक नेपाली भाषाको अभिलेखहरूमा सीमित रहेका एवं अध्ययन अभावले प्रकाशमा नआएका यस्ता भाषिक एकाइको इतिहासको खोजी कार्यका लागि यसको पहिचान अत्यन्त महत्त्वपूर्ण हुने गर्दछ । यसले पद, पदावली, वाक्य, वाक्यशृङ्खला तथा विस्तारित वाक्यहरूको दायाँ, बायाँ वा बीचमा रहेर अर्थहरूलाई खास अवधारणामा प्रतिविम्बित गर्न तथा अभिव्यक्त आशयलाई ओजपूर्ण बनाउन सहयोग गर्दछ ।

ऐतिहासिक नेपाली भाषाका ताम्रपत्र, शिलालेख, कनकपत्र, ताडपत्र, सनदसबालहरू, स्याहास्रेस्ताहरू, तथा दानदातव्य पत्रहरूमा रहेका नेपाली भाषाको प्राचीन, मध्यकालीन एवं अभिलेख्य मौलिक ऐतिहासिक भाषामा यस्ता निपातहरू प्रयोग भएका पाइन्छन् । प्राचीन समयमा रहेका खस अधिराज्यका शासक आदित्य मल्ल, वि.सं. १४५० पछि विभाजित खस अधिराज्यबाट निर्मित बाइसी, चौबीसी राज्यका शासकहरू : बलिराज, गगनिराज, विवोष शाही, अर्जन्या पुडा, मान्धाता शाही, भैरव सिंह, शक्ति ब्रह्म, जितारी सिंह, पृथ्वीपति शाह तथा सुदर्शन शाह एवं एकीकृत नेपालका अभियन्ता पृथ्वीनारायण शाहको समयमा प्रकाशमा आएका तिनै अभिलेखहरूमा रहेका निपातलाई केलाउने काम गरिएको छ ।

अभिलेखीय नेपालीमा प्रयोग भएका नेपाली निपातका तथ्याङ्कहरू तथा तिनको विश्लेषण विधिलाई मध्यनजर गरी विषयलाई प्रवेश गरिएको छ । अभिलेखमा लेख्यका कारण, वर्णका कारण वा अन्य कुनै

---

* डा. चालिसे, पद्मकन्या बहुमुखी क्याम्पस, नेपाली विभागका सहप्राध्यापक हुनुहुन्छ ।

कारणले अस्पष्ट भएका तथ्याङ्कहरूलाई यहाँ समावेश गरिएको छैन तथापि अवश्य पनि निपातको प्रयोगात्मक तथा अर्थ उत्कर्षको प्रयोगको अवस्थालाई हेरी सम्भव रहेसम्मका तथ्याङ्कहरूलाई निक्यौंल गरी राखिएको छ ।

## २. अभिलेखीय नेपाली निपातका तथ्याङ्कहरू

ऐतिहासिक अभिलेखीय नेपालीमा निपात जनाउन वाक्यमा अभिलेखीय प्रयुक्त वाक्यमा 'पनि', 'समेत', 'त', 'ता,' 'नै', 'चाहिँ', 'प', 'के', 'क्याहा', 'कि', 'र' 'तथा', 'वा', 'अउ=औ', 'भने', 'सम्म' 'परन्तु', 'अथवा', 'या', 'तर', 'कि', 'तसर्थ', 'ज्यु', 'तब', 'छि' 'क्या' 'उप्रान्त' एवं 'अरे' जस्ता निपात जनाउने भाषिक एकाइ प्रयुक्त रहेका छन् ।

### २.१ विश्लेषण विधि

ऐतिहासिक अभिलेखबाट प्राप्त निपात भनी निक्यौंल गरिएका माथि उल्लिखित तथ्यहरूलाई आधुनिक नेपाली व्याकरणमा प्रयोग भएको निपातको आधारमा तुलना गरी ती निपातको ऐतिहासिक तथ्यहरूको निर्धारण गरी अभिलेखीय सामग्रीमा प्रथमपटक प्रयोग भएको उदाहरणहरू समेतलाई तल समाविष्ट गरिएको छ । प्रस्तुत पाठहरूमा सन्दर्भ लेखन गर्दा आइपिए प्रणालीलाई आधार मानिएको भए तापनि केही थप सूचनाको आवश्यकता अभिलेखको अध्ययनमा पर्ने भएकाले सन्दर्भ लेखनमा '(वि.सं.१३८५, पुण्य मल्ल; खनाल, २०३० : ९-१०)' गरी केही थप विधि अपनाइएको छ । साथै ऐतिहासिक अभिलेखको प्रयुक्त भाषा र वर्तमान नेपाली भाषाको अर्थ आशय एकै प्रकारको संरचनामा देखिए तापनि उच्चारण र भाषिक अर्थ संयोजनमा अस्पष्टताहरू रहेकाले प्राचीन तथा मध्यकालीन नेपालीका उदाहरणहरूमा आधुनिक नेपालीको भाव झल्कने गरी अर्थलाई कोष्ठकभित्र खुलाउने काम गरिएको छ ।

## ३. विश्लेषण र व्याख्या

आधुनिक नेपाली भाषामा प्रयोग हुने निपातहरूलाई विभिन्न अर्थमा कोटिकृत गरिएको पाइन्छ । आधुनिक नेपाली भाषामा पोखरेल (२०५६)का अनुसार अवधारणार्थक, प्रश्नबोधक, संयुक्तवाक्य संयोजन, वाक्य–पश्च, वाक्य–पूर्वी, पुच्छ–प्रश्न, वाक्य–विशेषक र अप्रत्यक्ष कथनलगायतका निपातहरूको प्रयोग पाइन्छ जसले पद, पदावली, वाक्य, वाक्यश्रृङ्खला तथा विस्तारित वाक्यहरूको दायाँ, बायाँ वा बीचमा रहेर अर्थहरूलाई खासखास भाव प्रतिविम्बित गर्न तथा अभिव्यक्त आशयलाई ओजपूर्ण र सहज बनाउन सहयोग गर्दछन् । अभिलेखमा प्राप्त उक्त तथ्यहरूलाई निम्नअनुसार पद, पदावली, वाक्य, वाक्यश्रृङ्खला तथा विस्तारित वाक्यहरूको दायाँ, बायाँ वा बीचमा प्रयोग गरेको पाइन्छ :

### ३.१ अवधारणार्थक

आधुनिक नेपालीमा पाइने 'पनि/समेत/त/ता/नै/प/चाहिँ' निपातहरू अवधारणार्थक अर्थमा प्रयोग हुन्छ । अभिलेखीय नेपाली भाषामा 'पनि' अवधारणार्थक निपातको रूपमा जुम्लाबाट प्रकाशित आदित्य मल्लको वि.सं.१३७८ को अभिलेखमा प्राचीन नेपाली भाषामा प्रयोग भएको पाइन्छ ।

मध्यकालीन नेपालीमा मुगुबाट प्रकाशित राजा गगनिराजको वि.सं.१५५० को अभिलेखमा 'समेत', जुम्लाबाट प्रकाशित विवोष शाहीको वि.सं. १५५५ को अभिलेखमा 'त', जुम्लाबाटै प्रकाशित अर्जन्या पुडाको वि.सं. १६४८ को अभिलेखमा 'ता', डोटीबाट प्रकाशित मान्धाता शाहीको वि.सं.१७५८ को अभिलेखमा 'नै', गोरखा र काठमाडौंबाट प्रकाशित पृथ्वीनाराण शाहको क्रमश: वि.सं. १८२० र वि .सं. १८३१ को अभिलेखमा 'प' तथा 'चाहिँ' को प्रयोग निम्नअनुसार भएको पाइन्छ, जस्तै :

(१) 'पनि' : ताजुगाइं पाख श्रागिर्य **पनि** पुर्विलो महारा(ज) को वल विद्यांकरी अक्रनु ।
[ताघवाइ गुम्बाका लागि पनि उहिलेका राजाको धर्म राखी अक्रनु ।]
(वि.सं.१३८५, पुण्य मल्ल; खनाल, २०३० : ९-१०)

(२) 'समेत' : षैऱ्या ढुंगा उदो वडि थर्प (पुं) **समेत्** (ज)ग्गा ....दिया भैछ ।
[खैरो ढुंगामाथि ठूलो थर्पुको समेत जग्गा .....दिनुभएको छ ।]
(वि.सं.१५५०, गगनिराज; अधिकारी, २०५५ : ७४)

(३) 'त' : यह हातलाई **त** तिलका रास उदो हात हाल
[यही हातलाई त तिलका रासमाथि हात हाल्नू]
(वि.सं.१५५५, विवोष शाही; योगी, २०१३ : १२०)

(४) 'ता' : तालन् पुग्या चलन् गर्नु नपुग्या कसैले **ता** वसि षानछन् भन्याः वंदालो ल्याउनु ।
[टार्न पुगे चलन गर्नु नपुगे कसैले ता बसी खान्छन् भने बाँधिल्याउनू ।]
(वि.सं.१६४८, अर्जन्यापुडा; योगी, २०१३ : १२६)

(५) 'नै' : वोराको आसो **नै** आपराच जोराइल पीपल कोटभीतर ...भटीज्युले पायो ।
[बोहराको जीवनवृतिका लागि नै आपराज जोराइल पीपल...भट्टले पायो ।]
(वि.सं.१७५८, मान्धाताशाही; थापा, २०३१-३४ : १२६)

(६) 'प' : मेरो भाई भैकन भाइले **प** त्यो काम गर्न्या होइन ।
[मेरो भाइ भइकन भाइले प त्यो काम गर्ने होइन ।]
(वि.सं.१८२०, पृथ्वीनारायण; योगी, २०२२ : ७०९)

(७) 'चाहिँ' : यो काज बुझ्नु **चाहिं** पऱ्याको छ ।
[यो काज बुझ्नुचाहिँ परेको छ ।]
(वि.सं.१८३१, पृथ्वीनारायण; श्रेष्ठ, २०४२, : १२४)

अभिलेखीय नेपालीमा माथि उल्लिखित निपातहरूले अवधारणाको अर्थ जनाएर अभिलेखीय वाक्यमा व्याकरणात्मक र संरचनात्मक अर्थ मात्र जनाएको रहेछ भने जसले शब्दानुशासन र रूपतत्त्व सरल देखाएको छ । अभिलेखीय नेपालीको वाक्यमा यसको स्थान कुनै पदावली वा उपवाक्यमा आधारित रहेको देखिन्छ । नेपाली 'ता' निपात वाक्य नं.(३) मा उच्चारण भेद भएर 'त' प्रयोग भएको छ । सामान्यतया दुवै निपातको अर्थ सामान्यतया एकै प्रकारको देखिन्छ । वाक्य नं.(६) मा प्रयोग भएको 'प' अवधारणार्थकको अर्थ लगाउँदा 'पनि' को रूपमा पनि प्रयोग भएको देखिन्छ ।

### ३.२. प्रश्नबोधक

आधुनिक नेपालीमा पाइने 'के/क्याहा/कि/र' निपातहरू प्रश्नबोधक अर्थमा प्रयोग हुन्छन् । अभिलेखीय नेपाली भाषामा 'के' प्रश्नबोधक निपातको रूपमा जुम्लाबाट प्रकाशित बलिराजको वि.सं.१४५५ को मध्यकालीन अभिलेखको नेपाली भाषामा प्रयोग भएको पाइन्छ । मध्यकालीन नेपालीमै गोरखाबाट प्रकाशित पृथ्वीनारायण शाहको वि.सं.१८१९ को अभिलेखमा 'क्याहा', काठमाडौंबाट वि.सं. १८३१ को अभिलेखमा क्रमश : 'कि' र 'र' को प्रयोग भएको निम्नअनुसार पाइन्छ, जस्तै :

(८) **'के'** : बलिराजले ब्रमनलाइ दक्षिना के भनि सोदा(द्धा) ...वित्रा मया भैछ ।
[बलिराजले ब्राह्मणलाई दक्षिणा के भनी सोद्धा.....विर्ता निगाह भएको छ ।]
(वि.सं.१४५५, बलिराज; योगी, २०१३ : १०८)

(९) **'क्याहा'** : उप्रान्त मकवानपुर **क्याहा** महा अप्सरिया भयो र रिसानि भयो ।
[उप्रान्त मकवानपुर क्याहा महाअप्सरवादी भयो र रिसानी भयो ।]
(वि.सं.१८१९, पृथ्वी सिद्धि; वज्राचार्य र श्रेष्ट, २०३२ : ७३)

(१०) **'कि'** : माइको दर्सन् गर्नु हुन्छ **कि** ?
[माइको दर्शन गर्नुहुन्छ कि ?]
(वि.सं.१८३१, पृथ्वीनारायण; पोखरेल, २०४३ : १५०)

(११) **'र'** : त्यस्व भनेउ **र** ? भनि मैले भन्दा जसै नेपालमा नजर दिनु भयाथ्यो ।
[त्यसो भन्यौ र ? भनी भैले भन्दा जसै नेपालमा नजर दिनु भएथ्यो ।]
(वि.सं.१८३१, पृथ्वीनारायण; पोखरेल, २०४३ : १५०)

माथि उल्लिखित वाक्य नं.(८) र (१०) को प्रश्नबोधक निपात 'के' र 'कि' को संरचना संस्कृतको 'किम्' बाट आएको हो भने वाक्य नं. (९) मा प्रयोग भएको 'क्याहा' को संरचना 'के' तथा 'के+त' बाट आएको 'क्या' लाई महाप्राणीकरण गरी स्थानीय बोलीको प्रभावमा 'क्याहा' गरी प्रयोग भएको हो । प्रश्नबोधक निपात 'र' संस्कृत (बन्धु, २०३६ : १७३) को 'अपर' बाट आएको हो । अर्थको दृष्टिले प्रश्नबोधक निपातको रूपमा वाक्य नं. (११) मा कार्य गरेको देखिन्छ ।

### ३.३ संयुक्तवाक्य संयोजन

आधुनिक नेपालीमा पाइने 'तथा/वा/अउ(औ)/भने/सम्म/परन्तु/अथवा/या/तर/कि/तसर्थ' निपातहरू संयुक्तवाक्य संयोजन अर्थमा प्रयोग हुन्छ । अभिलेखीय नेपाली भाषामा 'तथा' संयुक्तवाक्य संयोजन निपातको रूपमा बझाङबाट प्रकाशित भैरव सिंहको वि.सं.१४६२ को मध्यकालीन अभिलेखको नेपाली भाषामा प्रयोग भएको पाइन्छ भने शक्ति ब्रह्मको वि.सं. १४७१ को अभिलेखमा 'वा' संयुक्तवाक्य संयोजन निपात प्रयोग भेटिन्छ भने प्युठानबाट प्रकाशित पृथ्वीपति शाहको वि.सं.१७६० को अभिलेखमा 'भने' संयुक्तवाक्य संयोजन निपातको प्रयोग रहेको छ ।

गोरखाबाट प्रकाशित पृथ्वीनारायण शाहको वि.सं. १८०२ को अभिलेखमा 'सम्म', वि.सं. १८०३ मा 'परन्तु' तथा वि.सं. १८१२ को अभिलेखमा 'अथवा', वि.सं. १८२३ अभिलेखमा 'तर', वि.सं.१८२५ को अभिलेखमा 'कि' तथा काठमाडौंबाट प्रकाशित वि.सं. १८३० को अभिलेखमा 'तसर्थ' संयुक्तवाक्य संयोजन निपातको प्रयोग भएको पाइन्छ ।
जुम्लाबाट प्रकाशित सुदर्शन शाहको वि.सं.१८१४ को अभिलेखमा 'या' संयुक्तवाक्य संयोजन निपातको प्रयोग समेत भएको निम्नअनुसार पाइन्छ, जस्तै :

(१२) **'तथा'** : भैरवसिंहपादा चिरंजयतु **तथा** देवान दिलपि सिंह पादाचिरजयतु ।
[भैरवसिंह सदा अमर रहुन् तथा मुख्तियार दिलीप सिंह अमर रहुन् ।]
(वि.सं.१४६२, भैरव सिंह; अधिकारी, २०४३ : ८५)

(१३) **'वा'** : पुण्य प्रतिपाला सो स्वर्गलोक **वा** जो यो पुण्य घाल घलावा ...मा मूंग्रि ।
[स्वर्ग वा पुण्यका लागि जस्ले अपुण्य हाल्छ हलाउँछ .... आमासुगुर्नी ।]
(वि.सं.१४७८, पृथ्वीमल्ल : सुमतिवम्म; थापा, २०३४ : ६)

(१४) **'अउ=औ'** : यो माटो गमा रोकायाका राठैले पाउनु **अउ** पिषेतिले नपाउनु ।
[यो जग्गा गमा रोकायाका सन्तानले पाउनु और पिखेतिले नपाउनु ।]
(वि.सं.१७५२, जितारी सिंह; सुवेदी, २०५५ : १११)

(१५) **'भने'** : पंथदेषि अवर पंथ षायो **भने** जरा मुडसंग जावैगा ।
[एउटा तीर्थदेखि अर्को तीर्थमा आयो भने जरासन्ध भइजाला ।]
(वि.सं.१७६०, पृथ्वीपति शाह; अधिकारी, २०४३ : १५५)

(१६) **'सम्म'** : डांडाको पानिढलो अकऱ्या **संम** पूर्व गंडकि उत्तर..विर्त्ति भयो ।
[डाडाँको पानीढलो अकरे सम्म पूर्व गंडकी उत्तर...विर्ता भयो ।]
(वि.सं. १८०२, पृथ्वीनारायण; वज्राचार्य र श्रेष्ठ, २०३२ : २३)

(१७) **'परन्तु'** : भलो आज्ञा गरि पठाउनु भएछ परन्तु हाम्रा ...काज वलियो गरि हुन्या छैन ।
[राम्रो आदेश गरी पठाउनु भएछ परन्तु हाम्रा..काज बलियो गरी हुनेछैन ।]
(वि.सं.१८०३, पृथ्वीनारायण; योगी, २०२२ : १४)

(१८) **'अथवा'** : भोलि दिन अथवा चार दिनभित्र पुऱ्याइदिनु ।
[भोलिको दिन अथवा चारदिन भित्र पुऱ्याइदिनु ।]
(वि.सं.१८१२, पृथ्वीनारायण; बराल, २०३० : ४५)

(१९) 'या' : छाया क्षेत्रः **या** त रिनमोक्षको रेष् वक्शि मया भैछ ।
[छायाक्षेत्र या त ऋणचुक्ताको सीमा बक्सि निगाह भएको छ ।]
(वि.सं.१८१४, सुदर्शनशाह; योगी, २०१३ : १५३)

(२०) **'तर'** : **तर** अलिक ढिलो गरेउ,चाँडो गर्न्या काम हो ।
[तर अलिक ढिलो गरौ, चाँडो गर्ने काम हो ।]
(वि.सं.१८२३, पृथ्वीनारायण; पोखरेल, २०४३ : १४१)

(२१) **'कि'** : भिर्कोटमहा राजा वस्यो **कि** वसेन लेष ।
[भिरकोटमा राजा बस्यो कि बसेन ।]
(वि.सं.१८२५, पृथ्वीनारायण; योगी, २०२२ : ४)

(२२) 'तसर्थ' : नूनिया सेवक हौ **तसर्थ** तिम्रा भैयात कविलारी समेत याहा आव ।
[नुनका सेवक हौ तसर्थ तिम्रा दाजुभाइ र परिवारसमेत यहाँ आऊ ।]
(वि.सं.१८३०, पृथ्वीनारायण; श्रेष्ठ, २०४२ : १२१)

संयुक्तवाक्य संयोजन निपात 'तथा/वा/अथवा/या' को संरचना संस्कृत (बन्धु, २०३६ : १७३) को हो । वाक्य नं. (१४) मा प्रयोग भएको 'अउ=औ' को संरचना संस्कृतको 'अपर' बाट र वाक्य नं. (१७) मा

प्रयोग भएको 'परन्तु' संस्कृतकै 'परम्+तु' बाट विकास भएको हो भने वाक्य नं. (२०) मा प्रयोग भएको 'तर' को विकास संस्कृतको 'तर्हि' र प्राकृतको 'तरहि श्र तरइ, तर' (चालिसे, २०६१ : ८१) भएको हो ।

वाक्य नं.(२१) मा प्रयोग भएको 'कि' विकल्पात्मक संयुक्तवाक्य संयोजन निपातको संरचना संस्कृतको 'किम्' बाट आएको हो । त्यस्तै वाक्य नं.(२२)मा प्रयोग भएको 'तसर्थ' नेपालीको 'तस' र संस्कृतको 'अर्थ' को संयुक्त सन्धिका आधारमा (चालिसे, २०६२ : ३७) निर्माण भएको हो ।

### ३.४ वाक्य-पश्च

आधुनिक नेपालीमा पाइने 'ज्यु' निपात वाक्य–पश्च अर्थमा प्रयोग हुन्छ । अभिलेखीय नेपाली भाषामा 'ज्यु' वाक्य–पश्च निपातको रूपमा जुम्लाबाट प्रकाशित विवोष शाहीको वि.सं.१५५५ को मध्यकालीन अभिलेखको नेपाली भाषामा प्रयोग भएको निम्नअनुसार पाइन्छ, जस्तै :

(२३) **'ज्यु'** : कवा वरुणसकी षानु मया भैछ **ज्यु** ।
[कवाको अधिपति सम्झी खान निगाह भएको छ । ज्यु !]
वि.सं.१५५५, विवोष साही, योगी, २०१२३ : १२०)

आधुनिक नेपालीमा अन्य परस्थानिकका रूपमा 'ज्यु' वाक्य–पश्चको प्रयोग हुन्छ भने यो संस्कृतको 'जीव' बाट नेपालीमा 'ज्यु' भएर आएको छ । यस्तो 'ज्यु' नामका साथमा पछाडि जोडिएर सम्मान सूचक भएर आउने गर्दछ तर अभिलेखीय वाक्य नं. (२३) मा प्रयोग भएको 'ज्यु' धव कर्मठद्वारा लिखित वि.सं. १५५५ को विवोष शाहीको अभिलेख हो । यस अभिलेखमा क्रियाका पछाडि 'ज्यु' को प्रयोग भएको देखिन्छ । यस अभिलेखमा वाक्य–पश्च निपात 'ज्यु' थेगोको अर्थमा वाक्यको समापिका क्रियाको अन्त्यमा प्रयोग भएको छ । सामन्तका रूपमा रहेका उपल्ला वर्गका राजारजौटाहरूले भनेअनुसार लेखन्दासले लेखोट तयार गर्दा लेखकले सामन्तहरूलाई सम्मान सूचक शब्द 'ज्यु' प्रयोग गरेको देखिन्छ । उक्त सम्मानसूचक शब्दले 'हस् !' को सन्देश दिएको र अभिलेखमा नै उक्त शब्द लेखिन पुगेको पाइन्छ । साथै वाक्यका पछाडि 'ज्यु' को यो प्रयोगले दानपत्र कागजमा लेखिएको प्रमाणित हुन्छ । किनभने तुरुन्तै भन्ने र तत्कालै लेख्ने काम कागजमा मात्र छिटो हुने हुँदा लेखकले सम्मानसूचक शब्दको अभिव्यक्ति दिनसक्छ । सोही अभिलेखको अर्को वाक्य "उस राजाकि त लाग रोट क्षेव्वाट पानु राजगुरुको प्रतिपाल गर्नु ज्यु उस राजाको लागेको रोट छेउबाट खानु राजगुरुको प्रतिपाल गर्नु ज्यू !" बाट पनि 'ज्यू' ले थेगोको रूप धारण गरेको रहेछ भन्ने प्रमाणित गर्दछ । जुम्लाको ग्रामराज (वि.सं.१६९६) र सुदर्शन शाह (वि.सं.१८१४), बझाङको जितारी सिंह(वि.सं.१७३१ र १७४३) तथा अछामको अछामी भैस्योला (वि.सं.१७३६)का अभिलेखहरूमा पनि यस्तै सम्मान सूचक 'ज्यू' लाई थेगोको रूपमा तिनका अभिलेखहरूमा वाक्यको समापिका क्रियाको अन्त्यमा प्रयोग गरिएको छ ।

तसर्थ मध्यकालीन अभिलेखमा नाम तथा वाक्य दुवैको अन्त्यमा 'ज्यु' शब्दको प्रयोगले सम्मान जनाउने गरेको रहेछ भन्ने तथ्य प्रमाणित गरेको छ ।

### ३.५ वाक्य-विशेषक

आधुनिक नेपालीमा पाइने 'उपरान्त' वाक्य–विशेषक अर्थमा प्रयोग हुन्छ । अभिलेखीय नेपाली भाषामा 'उपरान्त=उप्रान्त' वाक्य–विशेषक निपातको रूपमा गोरखाबाट प्रकाशित पृथ्वीनारायण शाहको वि.सं. १८०२ को मध्यकालीन अभिलेखको नेपाली भाषामा प्रयोग भएको निम्नअनुसार पाइन्छ, जस्तै,

(२४) 'उप्रान्त' : उप्रान्त तिमि प्रजापात हौ ।
[उप्रान्त तिमी प्रजापति हौ ।]
(वि.सं.१८०२, पृथ्वीनारायण; पोखरेल, २०४३ : १३५)

संस्कृतको 'उपरि' र 'अन्तः' को योगबाट 'उप्रान्त' शब्द बनेको हो । उपरको अर्थ सर्वोपरि तथा अन्तःको अर्थ मातहत वा सहयोगी भन्ने बुझिन्छ । पृथ्वीनारायण शाहकालीन नेपाली भाषाका वाक्यहरूमा यस्तो प्रयोग प्रशस्त पाइन्छ । वाक्य नं.(२४) मा प्रयोग भएको पृथ्वीनारायण शाहकालीन अभिलेखमा वाक्य–विशेषक निपातको कार्य सम्पन्न गर्न प्रयोग भएको छ ।

### ३.६ पुच्छे-प्रश्न

आधुनिक नेपालीमा पाइने 'क्या' पुच्छे-प्रश्न अर्थमा प्रयोग हुन्छ । अभिलेखीय नेपाली भाषामा 'क्या' पुच्छे-प्रश्न निपातको रूपमा जुम्लाबाट प्रकाशित सुदर्शन शाहको वि.सं. १८१४ को मध्यकालीन अभिलेखको नेपाली भाषामा प्रयोग भएको निम्नअनुसार पाइन्छ, जस्तै :

(२५) **'क्या'** : आपु पडता भया त क्या, या त वाउऱ्या लाया त : **क्या**
[आफ्नो बढ्ता भए त के, या त बाउरेको ल्याए त के ?]
(वि.सं.१८१४, सुदर्शन शाह; योगी, २०१३ : १५३)

उदेक, खुसी, झर्को, सम्भावना तथा शङ्काका लागि जोड दिन के, कस्तो, कत्तिको, खुप प्रश्नार्थ जनाउन 'क्या' ले वाक्य नं.(२५) मा पुच्छे–प्रश्नको कार्य गरेको छ ।

### ३.७ वाक्य-पूर्वी

आधुनिक नेपालीमा पाइने 'तब' वाक्यको पूर्वमा प्रयोग हुन्छ । अभिलेखीय नेपाली भाषामा 'तब' वाक्य–पूर्वी निपातको रूपमा काठमाडौंबाट प्रकाशित पृथ्वीनारायण शाहको वि.सं. १८३१ को मध्यकालीन अभिलेखको नेपाली भाषामा प्रयोग भएको निम्नअनुसार पाइन्छ, जस्तै :

(२६) **'तब'** : **तब** राजाले सेवकलाई घरमा नमार्नु ।
[तब राजाले सेवकलाई घरमा नमार्नू ।]
(वि.सं.१८३१, पृथ्वीनारायण शाह; पोखरेल, २०४३ : १५०)

अभिलेखीय नेपालीमा 'तब' ले वाक्य पूर्वी निपातको भूमिका निभाएको देखिन्छ ।

### ३.८ अप्रत्यक्ष–कथन

अभिलेखीय नेपालीमा अप्रत्यक्ष-कथन निपात जनाउन वाक्यमा निम्न शब्द लागेको देखिन्छ । वि.सं.१८३१ (पृथ्वीनारायण शाह) देखि यताका अभिलेखहरूमा यस्ता निपातहरू लागेर काठमाडौं क्षेत्रका अभिलेखमा प्रयोग भएका पाइन्छन् :

आधुनिक नेपालीमा पाइने 'अरे' अप्रत्यक्ष–कथन अर्थमा प्रयोग हुन्छ । अभिलेखीय नेपाली भाषामा 'अरे' अप्रत्यक्ष–कथन निपातको रूपमा काठमाडौंबाट प्रकाशित पृथ्वीनारायण शाहको वि.सं. १८३१ को मध्यकालीन अभिलेखको नेपाली भाषामा प्रयोग भएको निम्नअनुसार पाइन्छ, जस्तै :

(२७) **'अरे'** : बुधीकर्नको हाती राम्रो छ अरे ।
[बुद्धिकर्णको हात्ति राम्रो छ अरे ।]
(वि.स.१८३१, पृथ्वीनारायण; श्रेष्ठ, २०४२ : १२४)

माथि उल्लिखित वाक्य नं.(२७) को अप्रत्यक्ष–कथन निपात 'अरे' संरचना संस्कृतको 'अहो' र नेपालीको 'रे' बाट 'अहो+रे' श्र 'अ+रे' श्र 'अरे' भई संयुक्त संरचना बनेको हो ।

## ४. निष्कर्ष

नेपाली भाषाको लिखित परम्परामा प्राचीन कालदेखि नै निपातहरूको प्रयोग भएर आएको पाइन्छ । मध्यकालमा जब खस अधिराज्य विभाजित भयो, तब भाषाको लिखित परम्परामा पनि अनेक रूप र शैलीहरू देखापरेकाले विभाजित राज्यका अनेकौं राजा रजौटाहरूले आफ्ना मातहत कजाइएका जनताहरूलाई दान, बक्सिस, उपहार, धर्मकार्यका नाममा दिइएका लिखतहरूमा भाषाको पद, पदावली, वाक्य, वाक्यश्रृङ्खला तथा विस्तारित वाक्यहरूको दायाँ, बायाँ वा बीचमा रहेर अर्थहरूलाई खासखास भाव प्रतिविम्बित गर्न तथा अभिव्यक्त आशयलाई ओजपूर्ण र सहज बनाउन आधुनिक नेपाली व्याकरणअनुसारको निपातको प्रयोग गरिएको पाइन्छ तथापि निपात नेपाली भाषाको मौलिक भाषिक स्वरूप हो । ऐतिहासिक नेपालीमा यस्ता निपातहरूले आधुनिक नेपालीमा जस्तै अवधारणा, प्रश्नबोध, संयुक्तवाक्य संयोजन, वाक्यपश्चता, वाक्य-विशेषक, पुच्छ्रे-प्रश्न, वाक्य-पूर्व तथा अप्रत्यक्ष–कथन आदि अर्थ जनाउन तथा खास स्थानमा रहेर आफ्नो अर्थगत भूमिका निभाउन प्रयोग भएको देखिन्छ ।

## सङ्केत चिह्नसूची

यस लेखको व्याख्या सजिलाका लागि प्रयोग भएका विभिन्न सङ्केत चिह्नसूची यसप्रकार रहेका छन् :

| क्र.सं. | सङ्केत | साङ्केतिक अर्थ |
|---|---|---|
| १ | [ ] | आधुनिक अर्थका लागि देखाइएको |
| २ | < | अगाडि देखाइएको रूप |
| ३ | > | पछाडि देखाइएको रूप |
| ४ | / | विभाजक (विकल्प रूप) |
| ५ | ( ) | गौण सङ्केत |
| ६ | + | जोड |
| ७ | Ö | बराबर, समानस्तर |
| ८ | — | संयोजन |
| ९ | Û | विस्मयबोधक |

## सन्दर्भसूची

अधिकारी, सूर्यमणि (२०४३), **पश्चिम नेपालको ऐतिहासिक अन्वेषण**, काठमाडौं : नेपाल र एसियाली अध्ययन संस्थान, त्रि.वि. ।

.............,..........(२०५५), **जुम्लाराज्यको इतिहास**, काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

खनाल, मोहनप्रसाद (२०३०), **मध्यकालीन अभिलेख**, काठमाडौं : स्वयम् ?

चालिसे, विदुरकुमार (२०६१), **अभिलेखीय नेपाली भाषामा प्रयोग भएका परस्थानिकहरूको कालक्रमिक अध्ययन**, काठमाडौं : विश्वविद्यालय अनुदान आयोग ।

...........,..............(२०६२), "अभिलेखीय नेपाली शब्दकोश", काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान (अप्रकाशित) ।

थापा, रमेशजङ्ग (सम्पा. २०३१-३४), "ऐतिहासिक पत्रस्तम्भ", **प्राचीन नेपाल, ३०-३९ : पृ. १२३–१३८ ।**

........,...............(२०३४), "ऐतिहासिक पत्रस्तम्भ", **प्राचीन नेपाल, ४०-४१ : पृ.३५ ।**

पोखरेल, बालकृष्ण (२०४३), **पाँच सय वर्ष**, ललितपुर : साझा प्रकाशन ।

...........,............ (२०५५), **पाँच सय वर्ष**, ललितपुर : साझा प्रकाशन ।

पोखरेल, माधवप्रसाद (२०५६), **नेपाली वाक्य व्याकरण**, काठमाडौं : एकता बुक्स प्रकाशन ।

बन्धु, चूडामणि (२०३६), **नेपाली भाषाको उत्पत्ति**, काठमाडौं : साझा प्रकाशन ।

बराल, ईश्वर (२०३०), **सयपत्री**, काठमाडौं : साझा प्रकाशन ।

योगी, नरहरिनाथ (२०१३), **इतिहास प्रकाश**, अङ्क-२, भाग-१, मृगस्थली : इतिहास प्रकाशक संघ ।

........,.............. (२०२२), **इतिहास प्रकाशमा सन्धिपत्र संग्रह**, काठमाडौं : गोरक्ष प्रकाशनमाला ।

वज्राचार्य, धनवज्र (२०३२), **नुवाकोटको ऐतिहासिक रूपरेखा**, काठमाडौं : नेपाल र एशियाली अनुसन्धान संस्थान, त्रि.वि. ।

श्रेष्ठ, शिवकुमार (२०४२), **लिम्बुआनको ऐतिहासिक अध्ययन**, धनकुटा : श्रीमती गंगादेवी श्रेष्ठ ।

सुवेदी, राजाराम (२०५५), **गुल्मीको ऐतिहासिक झलक**, गुल्मी : किरण पुस्तकालय ।

# अपरा

अनुसन्धानमूलक पत्रिका

ISSN No.: 2382-5138